आज मिति २०७७ साल चैत्र ११ गते बुधबारका दिन बिर्तामोड नगरपालिकाको बैठक नगर प्रमुख श्री धुव कुमार शिवाकोटीज्यूको अध्यक्षतामा बसी निम्न बमोजिमको उपस्थितिले निम्न विषयमा छलफल गरी निम्न निर्णयहरु गरियो

उपस्थिति

नगर प्रमुख : श्री धुव कुमार शिवाकोटी

नगर उप-प्रमुख : श्री पवित्रादेवी महतारा प्रसाई

१ नं. वडा अध्यक्ष : श्री अग्नी प्रसाद पाण्डे

२ नं. वडा अध्यक्ष : श्री नगेन्द्र प्रसाद संग्रौला

३ नं. वडा अध्यक्ष : श्री भोजराज सिटौला

४ नं. वडा अध्यक्ष : श्री कुल प्रसाद संग्रौला

५ नं. वडा अध्यक्ष : श्री राजेन्द्र प्रसाद लिङ्देन

६ नं. वडा अध्यक्ष : श्री सुर्य प्रसाद कन्दङ्वा

७ नं. वडा अध्यक्ष : श्री चन्द्रकला पकुवाल

८ नं. वडा अध्यक्ष : श्री दिपक भट्टराई

९ नं. वडा अध्यक्ष : श्री पवित्रा पाठक

१० नं. वडा अध्यक्ष : श्री दुर्योधन गुरुङ्ग

कार्यपालिका सदस्य : श्री शुरेन राजवंशी

कार्यपालिका सदस्य : श्री द्रौपति गणेश

कार्यपालिका सदस्य : श्री भागिरथा आचार्य

कार्यपालिका सदस्य : श्री निता घतानी

कार्यपालिका सदस्य : श्री गिता पोखरेल

कार्यपालिका सदस्य : श्री संगिता शिवा/

~~सदस्य~~ सचिव : श्री गणेश प्रसाद दाहाल

Scanned with CamScanner

## निर्णय नं. १

बिर्तामोड नगरपालिका वडा नं. ९ को च.नं. १४८१ मिति २०७७/१२/११ को पत्र र यस कार्यालयबाट खटिइ गएका अमिनको प्रतिवेदन समेतबाट बिर्तामोड नगरपालिका, आधारभूत स्वास्थ्य चौकी वडा नं. ९ को नाममा बिर्तामोड नगरपालिका वडा नं. ९ निवासी तोम प्रसाद पाठकले साविक गरामनी गा.वि.स. वडा नं.७ हाल बिर्तामोड नगरपालिका वडा नं. ९ को कि.नं. २९८ को ५५५३.७० व.मि. क्षेत्रफल भएको जग्गा मध्ये पूर्व पश्चिम बीच भागको दक्षिण सिमानाबाट उत्तर ४२ फुट समानान्तर छोडी मध्य पश्चिमको सिमानाबाट १० फुट बाटोलाई छोडी ७६६.२६ व.वि. जग्गा निजबाट निशुल्क उपलब्ध गराउने प्रस्ताव स्वीकृत गर्ने र सो सम्वन्धमा आवश्यक कार्वाही गरिदिन जिल्ला प्रसाशन कार्यालय झापालाई अनुरोध गर्ने निर्णय गरियो ।

## निर्णय नं. २

निर्णय नं. १ बमोजिमको जग्गा निशुल्क रजिष्ट्रेसन गरि दिन भूमि सुधार तथा मालपोत कार्यालय झापालाई अनुरोध गर्ने र सो जग्गा बिर्तामोड नगरपालिका आधारभूत स्वास्थ्य चौकी वडा नं. ९ को नाममा रजिष्ट्रेसन पासको लागि यस कार्यालयको तर्फबाट अधिकृत स्तर आठौं श्री देवराज कार्कीलाई प्रतिनिधि तोकने निर्णय गरियो ।

## निर्णय नं.३

बिर्तामोड नगरपालिका नगरकार्यालिकाको कार्यालय समेत विपक्षी, निवेदक होमनाथ प्रसाई भएको श्री उच्च आदलत बिराटनगर इलाम इजलासको सम्वत २०७७ सालको रिट नं. ९१ (२०७७-WO-००४९) को परमादेश मुद्धामा छलफलमा बस्न लिखित जवाफ पेश गर्ने, वारेस मुकरर गर्न र कानून व्यवसायी नियुक्त गर्न लगायत मुद्धा सम्वन्धी सम्पूर्ण कार्य गर्न जिल्ला झापा बिर्तामोड नगरपालिका वडा नं. ४ बस्ने ऐ नगरपालिकाका शाखा अधिकृत श्री देवराज कार्कीलाई अख्तियारी दिने सर्व सम्मत निर्णय गरियो ।

## निर्णय नं.४

गरिवी निवारणकालागि लघु उधम विकास संचालन निर्देशिका, २०७७ को दफा २८ मा सीप विकास तालिम संचालन गर्ने प्रावधान अर्न्तगत ऐ.ऐ, दफाको उपदफा (२) मा सीप विकास तालिम उधम विकास सहजकर्ता वा सेवा प्रदायक संस्थाले संचालन गर्ने व्यवस्था अनुसार उधमशिलता विकास तालिममा सहभागि भएका उधमीहरुको माग अनुसारको सीप विकास तालिम नगरपालिकाको उधम विकास सहजकर्ता मार्फत संचालन गर्न निज सहजकर्तालाई जिम्मेवारी दिने निणर्य गरियो ।

## निर्णय नं. ५

प्रदेश सरकार आर्थिक मामिला तथा योजना मन्त्रालय प्रदेश नं. १ बिराटनगरको आ.व. २०७८/०७९ मा समपुरक अनुदानबाट संचालन गरिने आयोजना अर्न्तगत अनुदान प्राप्तिका लागि निम्नानुसारका योजनाहरु

आगामी नगरसभाबाट अनुमोदन हुने गरी स्वीकृत गर्ने र समपुरक अनुदान लागि यस नगरपालिकाले ३० प्रतिशत लागत सहभागिता व्यहोर्ने गरी समपुरक कोषमा बजेट विनियोजन गर्ने निर्णय गरियो ।

निम्न योजनाहरु:-

१. सुर्यनगर-गोकुल जोशी मार्ग (बि.न.पा.२ र ३)

२. बिर्ताबजार-घाघरा पुल रोड ( बि.न.पा.२ र ३)

Scanned with CamScanner